## बैठक नं. १८

आज मिति २०७९ चैत्र २४ गते शुक्रबारका दिन यस देवचुली नगरपालिकाको नगर प्रमुख श्री हरि प्रसाद न्यौपाने ज्यूको अध्यक्षतामा १८ औ कार्यपालिका वैठक वस्यो ।

**उपस्थिती**

| सि.न | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री हरि प्रसाद न्यौपाने | नगर प्रमुख | |
| २ | श्री पार्वता तिवारी | नगर उप-प्रमुख | |
| ३ | श्री तिलप्रसाद काफ्ले | नगर प्रवक्ता | |
| ४ | श्री कृष्ण बहादुर के.सी | सदस्य | |
| ५ | श्री शरद प्रसाद घिमिरे | सदस्य | |
| ६ | श्री होमनाथ पौडेल | सदस्य | |
| ७ | श्री गिर बहादुर थापा क्षेत्री | सदस्य | |
| ८ | श्री कृष्ण प्रसाद सापकोटा | सदस्य | |
| ९ | श्री मिन बहादुर सोती | सदस्य | |
| १० | श्री भुमिसरा आले | सदस्य | |
| ११ | श्री नुन प्रसाद बाचे | सदस्य | |
| १२ | श्री बलिराम सापकोटा | सदस्य | |
| १३ | श्री रेप्ती कुमार घर्ति | सदस्य | |
| १४ | श्री लोक प्रसाद भुर्तेल | सदस्य | |
| १५ | श्री एकदेव पौडेल | सदस्य | |
| १६ | श्री गोपाल थापा | सदस्य | |
| १७ | श्री सुरेश कुमार रानाभाट | सदस्य | |
| १८ | श्री केशव राज गौतम | सदस्य | |
| १९ | श्री गणेश शर्मा चालिसे | सदस्य | |
| २० | श्री गोमा देवी पौडेल | सदस्य | |
| २१ | श्री मधु माया गुरुङ | सदस्य | |
| २२ | श्री फुल माया वि.क | सदस्य | |
| २३ | श्री पार्वती कंडेल | सदस्य | |
| २४ | श्री जानकी देवी गुरौ (लामिछाने) | सदस्य | |
| २५ | श्री विद्या बहादुर विश्वकर्मा | सदस्य | |
| २६ | श्री जय बहादुर वि.क | सदस्य | |
| २७ | श्री गिता देवी बोटे | सदस्य | |
| २८ | श्री मोहन प्रसाद मरासिनी | सदस्य सचिव | |

२९. श्री शिवलाल श्रेष्ठ

प्र.प्रा.अ.

Scanned with CamScanner

## १८ औं कार्यपालिका बैठकको छलफलका विषय/बैठक मिति २०७९ चैत्र २४ गते

१। सत्रौं कार्यपालिका बैठकको निर्णयको समिक्षा सम्बन्धमा,
२। ट्रमा सेन्टर सम्बन्धमा,
३। खोलाबाट गिटी बालुवा उत्खनन् सम्बन्धमा,
४। निजी स्कुलको तह थपको माग सम्बन्धमा

देवचुली नगरपालिकाको अठारौं कार्यपालिका वैठकबाट देहायका निर्णयहरु सर्वसम्मत रुपमा गरियो।

१। सत्रौं नगर कार्यपालिका बैठकवाट भएका निर्णयहरुको कार्यान्वयन अवस्थाका बारेमा समिक्षा गरी कार्यान्वयन हुन बाँकी निर्णयहरु तत्काल कार्यान्वयनमा लैजान कार्यालयलाई निर्देशन दिने।

२। नेपाल सरकारको चालु आर्थिक वर्ष २०७९/०८० को बजेट बक्तव्यको बुदा नं. १४४ मा नबलपरासी पुर्वको देबचुलीमा ट्रमा सेन्टर स्थापना गर्ने योजना अनुसार ८ औं कार्यपालिकाको बैठकबाट नगरपालिकाका विभिन्न ४ स्थानको जग्गा शिफारिश गरिएको र उक्त जग्गाको बारेमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, शहरी विकास विभाग समेतको प्रतिनिधीबाट स्थलगत निरीक्षण समेत भै प्रकृया अगाडी बढिरहेको हुँदा चालु आर्थिक वर्ष भित्रै ट्रमा सेन्टरको शुरुआत गर्न हाललाई देबचुली नगर अपस्ताल, दुम्कौलीमा ट्रमा युनिट संचालन गर्न स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई अनुरोध गर्ने।

३। देबचुली नगरपालिकाको बन, वातावरण तथा विपद् व्यवस्थापन समिति मिति २०७९ चैत्र २४ गतेको निर्णय अनुसार नगरपालिका भित्रका बौलाहा खाला, लोकाहा खोला, बग्बई खोला र मुकुण्डे खोलाको बीचमा थुप्रिएको नदिजन्य पदार्थ एक्साभेटरको सहायतामा किनारा लगाउने र आवश्यकता अनुसार विकास निर्माणका काममा प्रयोग समेत गर्न शिफारिश गरेको र समितिको शिफारिश अनुसार समयमै उक्त नदीजन्य पदार्थको व्यवस्थापन नगरिएमा बर्षाद्को समयमा नदीले खेती योग्य जमिन र बस्तीमा समेत क्षति पुर्‍याउन सक्ने हुनाले प्राविधिकबाट तयार भएको अनुमान बमोजिमको परिमाणमा नदीजन्य पदार्थ निकाल्न, किनारा लगाउन र नियमानुसार नगरपालिकाले राजश्व लिई विकास निर्माणका काममा लगाउने गरी नगरपालिकाले आवश्यक व्यवस्थापन गर्न जिल्ला व्यवस्थापन समितिसंग सहमति माग गर्न अनुरोध गर्ने,

४। देबचुली नगरपालिका वडा नं. १७ फाराम स्थित ओएसिस इङ्गलिस बोर्डिङ्ग स्कुलले माध्यामिक तहको कक्षा ९ को तह थप गर्न अनुमति माग गरेकोमा अनुगमनका क्रममा नियमानुसार मापदण्ड पुरा गरेको नपाइएकोले मापदण्ड पुरा गरेको अवस्थामा मात्र कक्षा थपको अनुमति दिने गरी हाललाई कक्षा थपको अनुमति नदिने,

५। दबचुली नगरपालिका वडा नं. ९ विशालटार स्थित देउराली कालिका टोल बस्ने दिलमाया सोतीको घर हावाहुरीले क्षति पुर्‍याएकोले आवश्यक सहयोगका लागि बन, वातावरण तथा विपद् व्यवस्थापन समितिबाट शिफारिश भएको सन्दर्भमा प्राविधिकबाट स्थलगत निरीक्षण र प्रहरीको सर्जमिन मुचुल्का समेत लिई पछि निर्णय गर्ने,

हरिप्रसाद न्यौपाने
नगर प्रमुख

Scanned with CamScanner

देवचुली नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
प्रगतिनगर, नवलपरासी (ब.सु.पु.)
गण्डकी प्रदेश, नेपाल

b. नवलपरासी जिल्ला (ब.सु.पु.) का स्थानीय तहहरु मध्ये कावासोती नगरपालिकामा मात्र एउटा दमकल रहेको र सुख्खायाममा आगालागीजन्य घटनाहरु बढी घटन् सक्ने र घटना भै हालेको अवस्थामा समयमै दमकल व्यवस्थापन गर्न नसक्दा ठुलो क्षति हुने हुनाले आगालागीजन्य घटनाबाट हुने क्षतिलाई कम गर्न एउटा दमकल आवश्यक भएकोले संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय मार्फत भारतीय दुतावासमा एक थान दमकल सहयोगका लागि अनुरोध गर्ने,

हरिप्रसाद ग्यावाली
नगर प्रमुख

प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner